**निर्णय नं. १:**
रत्ननगर न.पा. अन्तर्गत पशुपन्छि विकास शाखाबाट प्रस्तुत वार्षिक प्रस्तावित लक्ष्य र अनुमानित बजेट स्वीकृत गरी लागु गर्ने र कार्यक्रमको भुक्तानी वडा अध्यक्षहरुको सिफारिसमा मात्र गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**
मिति २०७३।१२।२१ मा योजना शाखाबाट कोटेशन मार्फत ट्र्याक्टर टेलर खरिद गर्न विभिन्न उद्योगबाट कोटेशन माग भए बमोजिम जिम कम दरबाट टेलर दिने रत्न हार्डवेयर कम्पनी प्रा.लि. बाट रु. १,८५,०६२।९७ (भ्याट बाहेक खरिद गरी संचालनमा रहेको र आ.व. २०७३।०७४ मा भुक्तानी नभएको र भुक्तानी गर्ने क्रममा मिति २०७३।१२।२१ को टिप्पणी अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**
यस न. पा. साविकको रत्ननगर क्षेत्रभित्र निर्माण भएका तथा तला थप गरिएका घरहरुको नक्सापास सम्बन्धमा जुन घरको नक्सापास मापदण्ड, सडक मापदण्ड, प्राविधिक नक्सा डिजाईन सम्बन्धमा स्थलगत अध्ययन गरी नक्सापास गर्न मिल्ने नमिल्ने सिफारिस गर्न तपसिल बमोजिम नक्सापास सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. संयोजक श्री तिलक राज पौडेल, वडा अध्यक्ष र. न. पा. २
२. सदस्य श्री गुप्तनाथ भट्टराई ,, ,, ,, ३
३. सदस्य श्री सरस्वतीलामा, कार्यपालिका सदस्य
४. सदस्य ई. श्री प्रकाशचन्द्र ढुंगाना,
५. सदस्य ई. श्री नमेश गुरुङ्ग

**निर्णय नं. ४:**
रत्ननगर न. पा. वडा नं. १३ स्थित आस मान तमाङ्गको जग्गामा हाल निर्माणाधिन अवस्थामा रहेको प्रहरी चौकीको भवन निर्माण कार्यको लागि आ. व. २०७४।०७५ को आकस्मिक कोषबाट व्यय हुने गरी रु. ३०,०००। (तीस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५:**
यस रत्ननगर न. पा. को १, २ र १० नं. वडामा रहेको राजमार्ग दायाँ/बायाँभएको सिवरेज राजमार्ग विस्तारको क्रममा पुन: निर्माण गरी तन्दुरुस्त राख्न आवश्यक नपुग रकम नगरपालिका आकस्मिक योजना आ. व. २०७४।०७५ बाट रु. १२,००,०००।- (बाह्र लाख) विनियोजन गरी निर्माण कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**
अल्टरनेटिभ बायो ईनर्जी प्रा. लि. बाट बायो ग्यास प्लान्ट सम्बन्धमा पेश गरिएको प्रस्तावका सम्बन्धमा छलफल हुँदा हाललाई एक थान नमुनाको रुपमा न. पा. को क्यान्टीनमा प्रयोग गर्ने र उक्त एक थानबायो सेप्टीक ट्यांकको रु. ६०,०००।- (साठी हजार) न. पा. आकस्मिक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**
यस नगरपालिकाको ठूलो/सानो सभाहलमा जडान गरिएको वातानुकुल थान१(एक), सिलिङ्ग पंखा, वाल पंखा आदि ईलेक्ट्रीक सामानहरुको जिन्सी दाखिला रिपोर्ट वमोजिम पेश भएको रु. १,२७,७००।– (एक लाख सत्ताईस हजार सात सय) दुलाल लाईट हाउसलाई न. पा. को स्थानीय तह कार्यालय व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

नारायण वन
नगर प्रमुख